**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. २**

**माननीय न्यायाधीश श्री तेजबहादुर कार्की**

**माननीय न्यायाधीश श्री डालकुमार खड्का**

# फैसला

**मुद्दाः- सरकारी छापकीर्ते।**

**मुद्दा नं. 075-CS-0087**

**नि.नं. ३०१**

| | |
|---|---|
| कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १५ नयाँगाउँ बस्ने तेज वहादुर सुनारको श्रीमती शान्ति वि.क.........................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| प्र.ना.नि.राम बहादुर अधिकारीको प्रतिवेदन जाहेरीले नेपाल सरकार......................१ | प्रत्यर्थी वादी |

सुरु फैसला गर्ने अदालतः कास्की जिल्ला अदालत

सुरु फैसला गर्ने माननीय जिल्ला न्यायाधीशः- मा.जि.न्या. राम प्रसाद वली

सुरु फैसला मितिः २०७१।७।१८

न्याय प्रशासन ऐन , २०७३ को दफा ८( ३) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत मुद्दाको पुनरावेदक सम्बन्धी संक्षिप्त तथ्य र ठहर निम्न अनुसार रहेको छः-

## तथ्य-खण्ड

१. **प्रहरी प्रतिवेदन बेहोराः-** शान्ति वि.क., कञ्चन थापा र पुर्णी भन्ने पुन्नी कुमारी गुरुङले विभिन्न व्यक्तिहरुको सक्कल नागरिकताको प्रतिलिपि लिई सो प्रतिलिपिमा केरमेट गरी आफुहरुको अनुकुलमा प्रयोग गर्ने गरेको भन्ने सूचनाको आधारमा मिति २०७०/३/१५ गते विहान ११ :०० वजेको समयमा कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. १७ छोरेपाटन स्थित शान्ति वि.क., कञ्चन थापा र पुर्णी भन्ने पुन्नी कुमारी गुरुङलाई शंकित अवस्थामा फेला पारी निजहरुको शरिर खानतलासी लिने क्रममा निजहरु मध्येका पुर्णी भन्ने पुन्नी कुमारी गुरुङको साथवाट जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको विमला थापा(गुरुङ) को नाउको नेपाली नागरिकताको फोटोकपी फेला पारी वरामद गरी निजहरुलाई आवश्यक कारवाहीको लागि पक्राउ गरेको भन्ने खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन।

२. **घटना स्थल प्रकृति मुचुल्का**ः कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. १५ नयाँगाउँको खाली चौरमा बसी शान्ति वि.क. , कञ्चन थापा र पुर्णी भन्ने पुन्नी कुमारी गुरुङले नागरिकताको फोटोकपीमा माथिवाट विमला थापा गुरुङको नाम थर , जन्म मिति आदी लेखि टाँसी पुर्णि गुरुङको फोटो समेत टाँस गरी सरकारी छाप दस्तखत किर्ते गरेको भनी देखाईएको घट्नास्थल मुचुल्का।

३. **सनाखती तथा बरामदी मुचुल्का:-** पोखरा.उपमहानगरपालिका वडा नं. १५ नयाँगाउँ स्थित शान्ति वि.क.को घर खानलासी लिने क्रममा यी शान्ति वि.क. सुत्ने गरेको विस्तारा मुनि दायाँ वायाँ तथा माथिल्लो छेउमा काटिएको , वाहकको नाम थर , जन्म मिति , वावु र पतिको नाम थर र जारी मितिमा आफू खुशी विमला थापा गुरुङ मिति २०३५/१०/१९ धन वहादुर गुरुङ, जीवन थापा र मिति २०५५/२/२६ लेखि माथिवाट टाँस गरेको जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको ना.प्र.प.नं. २५८५२ को नागरिकताको प्रतिलिपि थान-१ फेला परेको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का।

४. **प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान**:-

- पोखरामा डेरा गरी बस्ने क्रममा शान्ति वि.क. र कन्चन थापासँग चिनजान भएको हो। हामीहरु विच एकआपसमा रुपैंया सरसापट लिने दिने र घर व्यवहारमा सघाउने गर्दथ्यौं। २०७० असार महिनाको पहिलो हप्तामा शान्ति वि.क., म र कन्चन थापा सँगै भएको अवस्थामा शान्ति वि.क.ले मेरो साथी विमला थापाले केही दिनको लागि १ ,००,०००।- मागेकी थिईन। उक्त रुपैंया म सँग नभएकोले मैले दल वहादुर दाईसँग मागेकी थिएँ। निजले विमला थापाको नागरिकताको फोटोकपी र मान्छे पनि लिई आउनु भनेका थिए। विमला थापालाई तत्काल रुपैंया नचाहिने भएपछि हामीले नै लिई आफ्नो व्यवहार मिलाउन प-यो भनि त्यसको २/४ दिन पछि शान्ति वि.क. ले एउटा नागरिकताको प्रतिलिपि लिई आइन। त्यसमा विमला थापा गुरुङको नाम सादा कागजमा लेखि माथिवाट टाँसौ। म विमला थापा हुँ भनि उक्त नागरिकताको फोटोकपी देखाउनु त्यसको आधारमा दल वहादुर दाईले दिएको पैसावाट तिमीले पनि केही दिनको लागि चलाउला भनेपछि म मन्जुर भएँ। उक्त नागरिकताको हस्तलिपिसँग मिल्दो अक्षर कन्चन थापाको भएपछि शान्तिको घर नजिकैको चौरमा बसी सरकारी छाप दस्तखत किर्ते गरी उक्त कागज शान्ति वि.क.ले राखेकी हुन। त्यसपछि हामीले चिनेको दल वहादुर गुरुङको घरमा गयौं सोही अवस्थामा उक्त नागरिकताको प्रतिलिपि मेरो साथमा रहेको थियो। उक्त घरमा गई शान्ति वि.क. ले रु.१,००,०००।- चाहिएको विमला थापा यीनै हुन भनि मलाई देखाईन। मैले साथमा रहेको नागरिकताको फोटोकपी देखाई मेरो नागरिकताको प्रतिलिपि यही हो भनि छलफल गर्दै थियौं। यसै क्रममा प्रहरी आएको देखि केही कुरा नगरी हामी तीनै जना फर्कन लाग्दा प्रहरीले पक्राउ गरी ल्याएका हुन् भन्ने प्रतिवादी पुर्णी भन्ने पुन्नी कुमारी गुरुङको बयान कागज।

- ➢ शान्ती वि.क. र पुन्नी गुरुङसँग चिनजान छ। घर चलाउने क्रममा एक आपसमा सरसापट पनि चल्थ्यो। २०७० असारको शुरु तिर शान्ति वि.क., म र पुन्नी गुरुङसँगै भएको समयमा शान्तिले विमला थापाले म सँग रु.१ ,००,०००।- सापटी मागेकी छन् , म सँग उक्त रुपैंया नभएकोले दल वहादुर दाईसँग मागेर दिनु पर्ला भनेकी थिएँ। त्यसको केही दिन पछि भेट हुँदा विमलालाई

पैसा नचाहिए त्यो पैसा निकालेर आँफै व्यवहार चलाउनु पर्ला भन्थिन। निज शान्ति वि.क. ले म र पुन्नी सँगै भेट भएको अवस्थामा निजले म सँग एउटा नागरिकताको प्रतिलिपि छ सो प्रतिलिपिमा पुन्नी गुरुङले फोटो टाँसी विमला थापाको नाम लेखि विमला यिनै हुन भनि पुन्नी गुरुङलाई देखाई दल वहादुरलाई देखाउनु पर्ला। त्यसो गरे वापत पुन्नी पनि केही रकम तत्काल घर व्यवहार चलाउन पाउने र केही शान्तिले चलाउने हुँदा निजहरुले मलाई साथीको नाताले सहयोग गर्न अनुरोध गर्दथें। हामी तीनै जना सँगै भएको वेला एउटा सादा कागजमा यो प्रतिलिपिमा भएको अक्षरसँग मिल्ने गरी लेखिदेउ भनेपछि सहयोग गर्ने उद्देश्यले एउटा सादा सेतो कागजमा वाहकको नाम थर विमला थापा गुरुङ , जन्म मिति २०३५/१०/१९ गतेमा वावुको नाम थर धन वहादुर गुरुङ, पतिको नाम थर जीवन थापा, जारी मिति २०५५/२/२६ गते सो प्रतिलिपिमा मिल्ने आकारमा काटी हामी तीनै जनाले सो नागरिकताको प्रतिलिपिमा टाँसेका हौं। शान्ति वि.क. ले सो प्रतिलिपिको फोटोकपी गरी पुन्नी गुरुङलाई दिएकी रहिछन्। हामी तीन जना दल वहादुर गुरुङको घरमा गएपछि शान्ति वि.क.ले निजलाई विमला थापा यीनै हुन् भनि पुन्नी गुरुङलाई देखाईन। पुन्नीले पनि विमला थापा म हुँ भन्दै उक्त किर्ते गरी तयार पारेको नागरिकताको प्रतिलिपि देखाईन। हामी सवै त्यहीं बसि कुराकानी गरी बसी रहेको अवस्थामा प्रहरीले फेला पारी उक्त नागरिकताको प्रतिलिपि सहित पक्राउ गरेका हुन भन्ने प्रतिवादी कन्चन थापाको बयान कागज।

५. **<u>बस्तुस्थिति मुचुल्काको व्यहोरा</u>**:- हाल प्रहरी पक्राउमा परेका प्रतिवादी पुन्नी गुरुङ , कन्चन थापा र शान्ति वि.क.ले विभिन्न फरक व्यक्तिको नागरिकताको प्रतिलिपि लिई आफू खुशी अक्षर समेत भरी अर्केको फोटो टाँस गरी सरकारी छाप दस्तखत किर्ते गरेको भन्ने कुरा सुनि थाहा पायौं। निजहरुले अन्य व्यक्तिको नागरिकताको प्रतिलिपिमा विमला थापा गुरुङको नाम लेखि विवरण फरक पारी पुन्नी गुरुङको फोटो टाँसी आफ्नो अनुकुल प्रयोग गर्न लागेको अवस्थामा पक्राउ परेको सुनेका हौं। सरकारी छाप दस्तखत किर्ते गरी आफ्नो अनुकुल प्रयोग गर्ने यी शान्ति वि.क., पुन्नी गुरुङ र कन्चन थापालाई कानून वमोजिम कारवाही होस् भन्ने व्यहोराको रोजिना थापा, देवेन्द्र खडका र हरि बहादुर बस्नेतले गरेको कागज।

६. **<u>मौकामा बुझिएका मानिसहरुको कागज व्यहोरा</u>**:

- शान्ति वि.क. र कन्चन थापासँग चिनजान छ। शान्ति वि.क. ले म सँग विमला थापालाई रु.१००,०००।- सापटी चाहिएको छ भनेको हुँदा विमला थापा र निजको नागरिकताको फोटोकपी लिई आउनु रुपैंया दिउँला भनेको थिएँ। मिति २०७०/३/१५ गते दिउँसो मेरो घरमा आई शान्ति वि.क. ले यीनै विमला थापालाई हो उक्त रुपैंया चाहिएको भनिन्। पुन्नी गुरुङले पनि म विमला थापा हुँ भनि बताईन। निजले आफ्नो साथवाट विमला थापा गुरुङको नाम भएको जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको नागरिकताको प्रतिलिपि निकाली मलाई देखाईन।हाम्रो घर भित्र बसि छलफल गरिरहेको अवस्थामा हाम्रो घर नजिकै प्रहरी देखि निजहरु उठि घर वाहिर आएका हुन। प्रहरीले निजहरुलाई फेला पारी सोधपुछ गरी पक्राउ गरी ल्याएका हुन। पछि वुझ्दा मलाई विमला थापा भनि नाम वताई नागरिकताको प्रतिलिपि देखाउने

व्यक्ति पुन्नी गुरुङ रहिछिन। निजहरु तीनै जनाले मिलेर कसैको नागरिकताको फोटोकपी किर्ते गरी सो मा पुन्नी गुरुङको फोटो टाँस गरी किर्ते मानिस खडा गरी ल्याएका हुँदा निजहरु पक्राउ परेका रहेछन्। निजहरुलाई कानून वमोजिम कारवाही होस भन्ने व्यहोराको दल वहादुर गुरुङको कागज।

- हाल प्रहरी पक्राउमा परेका प्रतिवादी पुन्नी गुरुङ, कन्चन थापा र शान्ति वि.क. ले विभिन्न फरक व्यक्तिको नागरिकताको प्रतिलिपि लिई सो मा आफू खुशी अक्षर समेत भरी माथिवाटै अर्कैको फोटो टाँस गरी सरकारी छाप दस्तखत किर्ते गरेको भन्ने समेत सुनि थाहा पायौं। यसरी सरकारी छाप दस्तखत किर्ते गरी आफ्नो अनुकुल प्रयोग गर्ने यी शान्ति वि.क.   , पुन्नी गुरुङ र कन्चन थापालाई कानून वमोजिम कारवाही होस् भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्का।

७. **<u>अभियोग मागदावी बेहोराः</u>-** संकलित मिसिल प्रमाण विश्लेषण गरी हेर्दा शान्ति वि.क. , कन्चन थापा र पुर्णी भन्ने पुन्नी गुरुङले विभिन्न व्यक्तिहरुको सक्कल नागरिकतालाई फोटोकपी गरी प्रतिलिपि बनाई प्रतिलिपिमा केरमेट थपघट गरी आफू अनुकुल चलन व्यवहार गर्ने गरेको भन्ने सुचनाको आधारमा निजहरुलाई पक्राउ गरी खानतलासी लिँदा निजहरु मध्ये पुर्णी भन्ने पुन्नी कुमारी गुरुङको साथवाट जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको ना.प्र.प. नं. २५८५२ विमला थापा (गुरुङ) को नागरिकताको प्रतिलिप वरामद हुन आएकोले आवश्यक कारवाहीको लागि पेश गरेको भन्ने प्र.ना.नि. राम वहादुर अधिकारी समेतको प्रतिवेदन तथा मौकाको खानतलासी तथा वरामदी मुचल्कामा उल्लेख भएकोमा विरुद्ध खण्डका अभियुक्तहरु शान्ति वि.क., कन्चन थापा र पुर्णि भन्ने पुन्नी कुमारी गुरुङले अनुसन्धान अधिकारी समक्ष गरेको बयान      , घटना विवरणमा वुझिएका व्यक्तिहरुले गरिदिएको कागजवाट यी अभियुक्तहरुले किर्ते कागज खडा गरी आफूहरु अनुकुल प्रयोग गर्ने गराउने गरेको स-प्रमाण पुष्टी हुन आएकोले अभियुक्तहरु शान्ति वि.क., कन्चन थापा र पुर्णी भन्ने पुन्नी कुमारी गुरुङको उपरोक्त कार्य मुलुकी ऐन , किर्ते कागजको महलको १ र ९ नं. वर्खिलापको कसुर अपराध देखिंदा निज अभियुक्तहरुलाई ऐ. महलको ९ नं. वमोजिम सजायँ हुन र ऐ. महलको १२ नं. वमोजिम थप सजायँ समेत गरी पाउँ भन्ने व्यहोराको मिति२०७०।३।३० को अभियोगपत्र।

८. मिसिल संलग्न ना.प्र.प. को फोटोकपी देखें। उक्त फोटोकपीमा टाँस भएको फोटो मेरो हो। वावुको/पतिको नाम मेरो होइन। मैले विमला थापा गुरुङलाई चिन्दिन। मेरो साथवाट उक्त ना.प्र.प. को फोटोकपी वरामद भएको होइन। उक्त फोटो मैले टाँसेकी होइन। कसले कहाँ फेला पारी किन टाँस गरेको हो मलाई थाहा भएन। मेरो फोटो हुँदा प्रहरीले म उपर प्रतिवेदन दिएका हुन सक्छन्। प्रहरीले मलाई बयान पढी वाँची नसुनाई सही गराएका हुन्। मैले दल वहादुर र नर वहादुर दुवै जनालाई चिन्दिन। म, शान्ति वि.क. र कन्चन थापा दल वहादुरको घरमा रकम माग गर्न गएकी होइन म निर्दोष हुँदा अभियोग दावीवाट सफाई पाउँ भन्ने प्रतिवादी पुन्नी कुमारी गुरुङले कास्की जिल्ला अदालतमा गरेको बयान।

९. वरामदी मुचुल्कामा हामी सवैको शरिर एकै चोटी खानतलासी गरेको होइन। पहिला पुर्णा गुरुङको साथवाट उक्त नागरिकता वरामद भएको होला। निजले एक जना दाईलाई नागरिकताको

फोटोकपी देउ भनेपछि त्यहाँवाट कन्चन र म पुर्णा समेतलाई प्रहरीले नियन्त्रणमा लिएको हो। हामी चौरमा वेवारिसे नागरिकताको फोटोकपी फेला पारेका थियौं। पछि त्यस नागरिकतामा टिपेक्स लगाएर विमला थापाको नाउँ लेखेउ र पुर्णा गुरुङको फोटो टाँसेको हो। हामीले यसो गर्दा के हुन्छ परिणाम थाहा नपाई यसै लहैलहैमा त्यस्तो नागरिकताको फोटोकपी बनायौं। तर हामीले कसैलाई सो नागरिकताको फोटोकपी देखाई रकम लिने जस्ता दुरुपयोग गरेका होइनौं छैनौं। त्यस्तो गर्दा किर्ते हुन्छ भन्ने थाहा थिएन। हामीले ठग्ने उद्धेश्यले त्यस्तो कार्य गरेको होइन। हामीले कसैलाई ठगेको नहुँदा अभियोगवाट सफाई पाउँ भन्ने प्रतिवादी शान्ति वि.क. ले कास्की जिल्ला अदालतमा गरेको बयान।

१०. मैले एउटाको नामको ना.प्र.प. को फोटोकपीमा किर्ते तौरतरिकावाट अर्काको नाम लेखि फोटो टाँस गरेको होइन। को कसले तयार पारे वा पारेनन् मलाई थाहा भएन। मलाई शान्ति वि.क. ले फोन गरी मेरो काम छ भनेको हुँदा छोरेपाटन सम्म गएकी थिएँ त्यही प्रहीले पक्राउ गरेको हो। मैले कुनै गलत कार्य गरेकी होइन सो घटनामा मेरो संलग्नता छैन। ना.प्र.प.मा लेखिएको हस्ताक्षर मेरो होइन। मैले कसैको नाम लेखि फोटो टाँस गरेकी होइन। प्रहरीमा कागज गर्ने नर वहादुर मेरो जेठाजु हुनुहुन्छ। उहाँको ना.प्र.प. को फोटोकपी मैले लगेकी होइन। कसले लगे थाहा भएन। दल वहादुरकोमा गएको होइन। पैसा लिन गएको भन्ने झुठ्ठा हो। म निर्दोष छु सफाई पाउँ भन्ने समेत प्रतिवादी कन्चन थापाले कास्की जिल्ला अदालतमा गरेको बयान।

११. यी प्रतिवादीहरु ३ नै जनाको सर सल्लाह संलग्नताबाट दल बहादुरसँग रुपैयाँ लिने उद्देश्यले अभियोग दावीको कसूर गरेको पुष्टि हुन आएकोले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने हुँदा हाललाई जनही रु. ३५०००।— (पैतिस हजार) नगद धरौट वा सो वापतको जेथा जमानी दिए लिई तारेखमा राख्नु भन्ने मिति २०७०।४।१ को आदेश र आदेशानुसार प्रतिवादी पूर्णी भन्ने पुन्नी कुमारी गुरुङ, कन्चन थापा, शान्ती वि.क. तिनै जना प्रतिवादीहरुले धरौट राखी तारेखमा बसेका रहेछन।

१२. <u>मुद्दासँग सम्वन्धित अन्य विवरणः-</u>

- शुरु अदालतको आदेशानुसार प्रतिवादी पुन्नी गुरुङका साक्षी यूवराज गुरुङ , प्रतिवेदक प्र.ना.नि. राम वहादुर अधिकारीले बकेको बकपत्र मिसिल सामेल रहेछ।
- शुरु अदालतवाट तोकी पाएको मिति २०७०/४/३२ को तारेख कन्चन थापा मिति २०७०/५/२३ को तारेख प्रतिवादी शान्ती वि.क. र मिति २०७१/२/२२ को तारेख प्रतिवादी पुन्नी कुमारी गुरुङले गुजारी बसेका रहेछन्।

१३. <u>सुरु अदालतको फैसलाः</u>- यी प्रतिवादीहरु उपरको किटानी प्रतिवेदन भै प्रतिवेदकले गरी दिएको बकपत्र, प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्ष भएको साविती बयान , प्रतिवादीहरुकोसँग साथवाट वरामद भएको नागरिकताको प्रमाणपत्र एवं किर्ते रुपमा तयार गरेको कागजात देखिने वरामदी मुचुल्का , केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदन समेतवाट यी प्रतिवादीहरुले आरोपित कसुर गरेको पुष्टी हुन आयो। यसर्थ किर्ते कागजको १ र ९ नं. वर्खिलापको कसुरमा ९ नं. अनुसार प्रतिवादीहरुलाई जनही रु.५०।- जरिवाना हुने ठहर्छ। साथै

ऐ. सरकारी अड्डा एवं कर्मचारीको छाप दस्तखत किर्ते भएको देखिंदा १२ नं. वमोजिम १(एक) वर्ष थप कैद सजायँ समेत हुने ठहर्छ भन्ने कास्की जिल्ला अदालतको मिति २०७१।७।१८ को फैसला।

१४. **पुनरावेदन पत्रः**- सुरु फैसलामा चित्त बुझेन। शुरु कास्की जिल्ला अदालतवाट मलाई १ बर्ष कैद र रु ५०/- जरिमाना हुने गरी गरेको फैसला गर्दा लिएका आधारहरुमा प्रतिवादी शान्ती वि.क.ले चौरमा वेवारिसेरुपमा फेला पारेको नागरिकताको फोटोकपीमा सच्चाई विमला गुरुङको नाम लेखेको, प्रतिवादीहरुले परस्पर वाझिने गरी साविति वयान गरेको र बरामदी मुचुल्का र केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदनले समेत अभियोग पुष्टि गरेको छैन। त्यसरी वेवारिसे तवरमा फेला पारेको नागरिकताको प्रतिलिपीमा लहै लहैमा केरमेट गरेको हो तर कसैलाई ठग्ने नियतले त्यसो गरेको होईन , सामान्य केरमेटबाट नाजायज फाईदा लिईएको छैन र प्रतिवादीवाट बरामद भएको नागरिकताको प्रतिलिपि कसैलाई झुक्याई पेश गरी ठग्ने अवस्थामा फेला परेको पनि होईन। अत: उल्लेखित तथ्यले अभियोग मागदावी अनुसारको कसुर गरेको नभई सामान्य केरमेट मात्र गरेकोले शुरु जिल्ला अदालतको फैसला उल्टी गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी शान्ति बि.क. को मिति २०७५।४।८ को पुनरावेदन पत्र।

१५. प्रतिवादी फैसला कार्यान्वयनको शिलशिलामा पक्राउ परी कैद वा थुनामा बसेको अवस्थामा कारागार कार्यालय मार्फत अ.बं. १९४ नं. को सुविधा माग गरेको देखिँदा निवेदन माग बमोजिम सुविधा प्रदान गर्न मिलेन कानून बमोजिम गर्नू भन्ने समेत बेहोराको यस अदालतका निमित्त रजिष्ट्रारको मिति २०७५।४।८ को आदेश।

१६. **यस अदालतको आदेश**-

- यसमा निवेदीका प्रतिवादी समेत भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा निज प्रतिवादी समेतलाई मुलुकी ऐन, किर्ते कागजको १२ नं. अनुसार जनही १ (एक) वर्ष कैद र ऐ. ९ नं. अनुसार रु ५०। — जरिवाना समेत हुने ठह-याई शुरु कास्की जिल्ला अदालतवाट मिति २०७१।७।१८ मा फैसला भएको र उक्त फैसलामा चित्त नबुझे पुनरावेदन गर्न जानु भनी निवेदिका प्रतिवादीका नाउँमा जारी भएको पुनरावेदन म्याद मिति २०७१।१२।२८ मा वेपत्ते तामेल भएको हुदाँ निवेदिका प्रतिवादीले उक्त फैसलाको जानकारी नपाएको। निवेदिका प्रतिवादीलाई फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परी थुनामा रहेको अबस्थामा उक्त मिति २०७१।१२।२८ गते बेपत्ते म्याद तामेली वदर गरी पाउँ भनी कारागार कार्यलाय कास्की मार्फत निवेदिकाको निवेदन परे पश्चात् शुरु कास्की जिल्ला अदालतको मिति २०७५।३।३० को आदेशवाट उक्त मिति २०७१।१२।२८ को निवेदिकाको नाउँमा जारी भएको वेपत्ते म्याद बदर गरी निजको नाउँमा पुन : पुनरावेदन म्याद जारी भई मिति २०७५।४।१ मा तामेल भएको अबस्थामा अ.वं. १९४ नं. को सुविधा प्रदान गर्न नमिल्ने भनी यस अदालतका उपरजिष्टारबाट २०७५।४।८ मा आदेश भएको देखियो। फैसला कार्यन्वयनको सिलसिलामा पक्राउ परी थुनामा रहेको अबस्थामा मुलुकी ऐन , अ.वं. १९४ नं. को सुविधा नपाउने भनी व्यावस्था भएको नदेखिएको एवम् यिनै निवेदकले दायर गरेको पुनरावेदनसमेत दर्ता भई कारबाहीयुक्त अबस्थामा रहेको देखिएकाले अ. वं. १९४ को सुविधा

नपाउने भनी उपरजिष्टारवाट भएको उक्त आदेश नमिलेकाले बदर गरिदिएको छ। अब फैसला बमोजिम लागेको कैद जरिवाना भुक्तान गर्न बाँकी रहेको हद सम्म रु १० ,०००।— जगद वा जेथा जमानी दिए लिई निवेदिकालाई थुनामुक्त गरी पुनरावेदन किनारा नभए सम्मलाई अं वं. १९४ को सुविधा प्रदान गरी दिएको छ। सो अनुसार तारेखमा राखी कानुन बमोजिम गर्नु भन्ने समेत ब्यहोराको मिति २०७५।४।९को आदेश।

- यसमा यी प्रतिवादीले नागरिकताको प्रतिलिपिमा अंक अक्षर थपघट गरी कुनै फाइदा लिएको भन्ने नदेखिएको स्थितिमा प्रतिवादीलाई सजाय गर्ने गरी सुरु कास्की जिल्ला अदालतबाट मिति २०७१।७।१८ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय भै फरक पर्न सक्ने देखिँदा प्रत्यर्थी झिकाई आएपछि वा अवधी व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने २०७५।५।२५ को आदेश।

## ठहर-खण्ड

१७. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचिमा समावेश भई आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्धय श्री शालीग्राम भट्टराई र श्री भरतराज पौडेलले शुरु अदालतले मुलुकी ऐनमा किर्ते कागजको सम्बन्धमा गरेको परिभाषा र अन्य कानुनी व्यवस्थाको मुल्याङकन नगरी गरिएको शुरु जिल्ला अदालतको फैसला त्रुटिपुर्ण छ। उक्त फैसला उल्टि गरी पुनरावेदक प्रतिवादीलाई अभियोगवाट सफाइ दिलाई पाऊँ भन्ने समेतको बहस प्रस्तुत गर्नुभयो।

१८. प्रत्यर्थी वादी नेपाल सरकारका तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय पोखराका विद्वान उप-न्यायधिवक्ता प्रतिमा भट्टराईले शुरु जिल्ला अदालतको फैसला मिलेकै देखिदाँ सुरु अदालतबाट भएको फैसला सदरै कायम राखी पाउन सादर अनुरोध छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

१९. किर्ते कागजको १ र ९ नं. वर्खिलापको कसुरमा ९ नं. अनुसार प्रतिवादीहरुलाई जनही रु.५०।- जरिवाना हुने ठहर्छ। साथै सरकारी अड्डा एवं कर्मचारीको छाप दस्तखत किर्ते भएको देखिंदा १२ नं. वमोजिम १(एक) वर्ष थप कैद सजायँ समेत हुने ठहर्छ भन्ने समेत ब्यहोराको सुरु कास्की जिल्ला अदालतको मिति २०७१।७।१८ को फैसला उपर पुनरावेदक शान्ति बि.क. ले चित्त नबुझाई पुनरावेदन गरेको प्रस्तुत मुद्दामा निम्न प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन्छ ।

(क)प्रतिवादीले गरेको कार्य मुलुकी ऐन किर्ते कागज महलको दफा १ बिपरित छ छैन ?

(ख) प्रतिबादी शान्ति बि.क. को पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ?

(ग) कास्की जिल्ला अदालतले मिति २०७१।७।१८ मा गरेको फैसला मिलेको छ छैन ?

२०. निर्णयतर्फ विचार गर्दा, वेवारिसे तवरमा फेला पारेको नागरिकताको प्रतिलिपीमा लहै लहैमा केरमेट गरेको भएपनि कसैलाई ठग्ने नियतले त्यसो गरेको होईन , वरामद भएको नागरिकताको प्रतिलिपिबाट कसैलाई झुक्याई नाजायज फाइदा लिएको होईन। सामान्य केरमेट मात्र गरेकोले शुरु जिल्ला अदालतको फैसला उल्टी गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी शान्ति बि.क.ले पुनरावेदन जिकिर लिएको देखिन्छ।

२१. प्रस्तुत मुद्दाको अभियोग दाबी बमोजिम प्रतिबादीले मुलुकी ऐन किर्ते महलको १ नं. बिपरीत कुनै कसुर गरे नगरेको सम्बन्ध विचार गर्नु भन्दा अगाडी उक्त कानूनी ब्यवस्था के रहेको छ भनी हेर्नु पर्ने हुन्छ। मुलुकी ऐन किर्ते कागजको महलको १ नं. को ब्यवस्था देहाय बमोजिम रहेको छः

*"हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप इत्यादि 'झुट्टा बनाई गरी वा ऐन बमोजिम रीतपूर्वकको सहिछाप भईरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको व्यहोरा कुनै तरकीवसंग उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेखे र एउटा कामलाई भनी सहिछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै व्यहोराको लिखतमा लगाई वा अर्कै व्यहोराको लिखत लेखे इत्यादि काम गरेकोबाट अर्काको जीउ धन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झुट्टा काम गर्ने मानिस आफैलाई वा अरु कसैलाई फाइदा प्रमाण हुने गरी काम गरेको रहेछ भने त्यस्ता झुट्टा कागजबाट काम गरी भईसकेको हवस् वा नहवस् कीर्ते गरेको ठहर्छ। त्यस्तो कीर्ते गर्ने गराउनेलाई र जानी बुझी कीर्ते कागजमा बस्ने साक्षी मतियार समेतलाई बात लाग्छ " ।*

२२. उल्लेखित कानुनी ब्यवस्थाको रोहमा हेर्दा प्रतिबादी शान्ती बि.क.समेतले "हामी चौरमा वेवारिसे नागरिकताको फोटोकपी फेला पारेका थियौं। पछि त्यस नागरिकतामा टिपेक्स लगाएर विमला थापाको नाउँ लेखेउँ र पुर्णा गुरुङको फोटो टाँसेको हो। हामीले यसो गर्दा के हुन्छ परिणाम थाहा नपाई यसै लहैलहैमा त्यस्तो नागरिकताको फोटोकपी बनायौं। तर हामीले कसैलाई सो नागरिकताको फोटोकपी देखाई रकम लिने जस्ता दुरुपयोग गरेका होइनौं छैनौं। त्यस्तो गर्दा किर्ते हुन्छ भन्ने थाहा थिएन। हामीले ठग्ने उद्धेश्यले त्यस्तो कार्य गरेको होइन " भनी अदालतमा बयान गरेको देखिन्छ। पुनरावेदक प्रतिवादीले जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको ना.प्र.प. नं. २५८५२ नरबहादुर थापाको सक्क्ल नागरिकता नरबहादुर थापाकोसँग साथबाट कुनै तरिकाले लिए प्राप्त गरेको भन्ने अवस्था पुष्टि भएको देखिंदैन ।उक्त नागरिकताको सक्किल प्रति प्रतिवादीबाट फेला पारेको नभई उक्त नागरिकताको प्रतिलिपी मात्र फेला पारेको भन्ने मिति २०७०।३।१५ को बरामदी मुचुल्काबाट पनि प्रष्ट भएको छ।

२३. जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको ना.प्र.प. नं. २५८५२ नरबहादुर थापाको सक्क ल नागरिकता निज नरबहादुर थापाकैसंग साथमा रहेको र सो प्रमाण पत्र जारी गर्ने कार्यालयमा रहने अर्को सक्क ल प्रति पनि जिल्ला प्रशासन कार्यालय कास्कीमै सुरक्षीत भएर नै जिल्ला प्रशासन कार्यालयले अनुसन्धानको क्रममा मिति २०७०।३।२३ मा जिल्ला प्रहरी कार्यालयलाई उक्त नागरिकताको आधिकारिकता खुलाई पठाएबाट सक्क।ल नागरिकताको प्रमाणपत्र जो जससंग रहनु पर्ने हो सो सम्बन्धित व्यक्ति र निकायमै रहेको र सक्क्ल नागरिकता प्रतीमा पुनरावेदक प्रतिवादीले कुनै पनि तरहले मुलुकी ऐन किर्ते महलको दफा १ मा बर्णित सच्चा लिखतमा सोही दफा (नम्वर)मा बर्णित तवरले कुनै किर्ते कार्य गरेको अवस्था देखिंदैन। प्रतिलिपि कागजमा गरिएको केरमेटलाई पनि सच्चा लिखतमा नै केरमेट गरी किर्ते कार्य गरेको भन्नेि अर्थमा बुझ्दा मुलुकी ऐनको किर्ते कागजको महलको १ नं. मा रहेको सच्चा लिखत भन्नो शब्दको सार्थक परिभाषा बुझेको अर्थ गर्न मिल्दैन।

२४. यसै सन्दर्भमा, सरकार बादी हुने फौज्दारी मुद्दामा कसुर प्रमाणित हुनको लागि कुनै फौज्दारी कानूनको स्पष्ट उल्लंघन भएको हुन जरुरी देखिन्छ। फौज्दारी कानूनको उल्लंघन गरेको भन्नेत कुरा दावी लिने पक्षले सप्रमाण पुष्टी गराउन सक्नु पर्ने हुन्छ। राहदानीको भित्री पाना कागजको फोटोकपी सरहको कागज बनाएको कार्यलाई अभियोग दाबी बमोजिम किर्ते कागजको १,९ र १२ नं.अनुसार सरकारी छाप दस्तखत किर्ते भन्नग सक्ने अवस्था नहुंदा प्रतिवादीले राहदानीको भित्री पानालाई स्क्यान गरी सो कागजातहरू अप्रयुक्त अवस्थामा बरामद भएको घट्नालाई सरकारी कागजात किर्ते गरेको हो भन्ना सकिने अवस्था नरहने भनी मनिष श्रेष्ठ बि.नेपाल सरकार समेत भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा (ने.का.प. २०७० भाग ५५ अंक ८ पृष्ठ १०५०, नि.नं.९०४७) र प्रतिवादीहरुले लाईसेन्स बनाउने प्रयोजनको लागि ब्यहोरा फरक पारी पेश गरेको नागरिकताको फोटोकपीलाई सरकारी अड्डा वा कर्मचारीको छाप दस्तखत किर्ते गरेको संज्ञा दिन नमिल्ने हुंदा निज प्रतिवादीहरुलाई किर्ते कागजको १२ नं. अनुसार थप सजाय गर्ने नमिल्ने भनी ईलाका प्रहरी कार्यालय पोखराको पत्रले श्री ५ को सरकार बि.सुरेन्द्रप्रसाद गुप्ता समेत भएको (ने.का.प. २०६१ अंक ४, नि.नं.७३६१, पृष्ठ ४१६) सरकारी छाप दस्तख किर्ते मुद्दामा यसै सन्दर्भमा सम्मानित श्री सर्वोच्च अदालतबाट शिद्धान्त प्रतिपादन भएको देखिन्छ।

२५. मुलुकी ऐन किर्ते कागजको १ नं. बमोजिमको कसुर हुनको लागि यी पुनरावेदक प्रतिवादीले जिल्ला प्रशासन कार्यालय कास्कीवाट जारी भएको ना.प्र.प. नं. २५८५२ को नागरिकता प्रमाण पत्रको प्रतिलिपिमा केरमेट गरी निजले उक्त लिखत कहिं कतै प्रस्तुत गरी सोबाट गैरकानूनी लाभ (Unjust Enrichment) समेत प्राप्त गरेको हुनु पर्नेमा सो बमोजिम निज पुनरावेदकले उक्त केरमेट गरेको नागरिकताको प्रतिलिपि यो यस्तो रित तरीकाले यो ठाउंमा प्रस्तुत वा प्रयोग गरी प्रतिवादीले यो यस्तो रित तरिकाले फाईदा लिएको, गरेको भनी वादी नेपाल सरकारले दावी समेत लिई सो दावी प्रमाणीत गर्न सक्नु पर्ने र फौज्दारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार बादीको हुने छ भनी प्रमाण ऐन २०३१ को दफा २५ ले गरेको ब्यवस्था बमोजिम बादी नेपाल सरकारले आफ्नो दाबी प्रमाणित गर्न नसकेको अवस्थामा पुनरावेदक प्रतिवादीले अभियोग दावी बमोजिमको कार्य गरेको भनी भन्नन सकिंदैन। यसै सन्दर्भमा (कुनै कार्य किर्ते हुन चुनौती दिएको कार्यबाट कसैलाई हानी र कसैलाई लाभ भएको हुनुपर्दछ। लिखत सच्याईनु वा केहि थपघट हुनुनै स्वतः किर्ते हुने होईन। लाभ र हानी भन्ने। कुरा मिसिल संलग्न प्रत्यक्ष, परोक्ष र परिस्थितिजन्य प्रमाणको आधारमा निर्धारीत हुने) भनी राधादेवी सुनार बि.भगवती पुडासैनी समेत भएको (ने.का.प. भाग ५६ अंक २ पृष्ठ २१८,नि.नं.९१२३) किर्ते मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट शिद्धान्त प्रतिपादन भैसकेको देखिन्छ ।

२६. उल्लेखित आधार कारणहरूबाट पुनरावेदक प्रतिबादी **शान्ती वि.क. समेत ३ जना उपर मुलुकी** ऐन , किर्ते कागजको महलको १ र ३ नं. वर्खिलापको कसुरमा ऐ. ९ नं. र १२ नं. बमोजिम सजायको दावी लिई अभियोग पत्र पेश भएकोमा मुद्दाको तथ्य हेर्दा नर बहादुर थापाको नाउँको नागरिकता प्रमाण पत्र नं. २५८५२ को नेपाली नागरिकताको प्रतिलिपिमा किर्ते गरेको भन्ने आरोपमा प्रस्तुत मुद्दा चलाएको र सच्चा लिखतमा लेखिएको व्यहोरा किर्ते गरेको स्थितिमा मात्र कसुर कायम हुने ठहर्याइ सजाय हुने उक्त नं. १ को कानुनी व्यावस्था भएको त्यस्तो लिखतको

फोटोकपीमा फेरवदल गरेको भन्ने विषय किर्ते कागजको परिभाषा भित्र नपर्ने हुदाँ पुनरावेदक प्रतिवादी शान्ती वि.क. लाई समेत कसुरदार ठहर गरी सजाय हुने गरी कास्की जिल्ला अदालतवाट मिति २०७१।७।१८ मा भएको फैसला उल्टि हुने भै निज पुनरावेदक प्रतिवादी शान्ती वि.क. र तत्काल प्रचलित मुलुकी ऐन अ.वं २०५ नं. वमोजिम अन्य प्रतिवादी पुर्णी भन्ने पुन्नी कुमारी गुरुङ र कञ्चन थापाले प्रस्तुत मुद्दाको अभियोग दावीवाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसील-खण्ड

- यसमा कास्की जिल्ला अदालतको मिति २०७१।७।१८।३ को फैसला उल्टि भई प्रतिवादीहरु शान्ति वि.क., पूर्णी भन्ने पुन्नी कुमारी गुरुङ र कन्चन थापाले अभियोगदावीबाट सफाई पाउने ठहरेकोले सो सुरु फैसलाको तपसिल खण्डको प्रकरण १ अनुसारको निज प्रतिवादीहरु नाउको कैद जरिवानाको लगत कट्टा गरी निज प्रतिवादीहरुलाई लागेको सजायबाट फुर्सद गरीदिनु भनी यो फैसलाको छायाप्रति साथै राखी कास्की जिल्ला अदालतमा लेखी पठाउनू...........................................................................................१
- पुनरावेदक प्रतिवादी शान्ती वि.क. ले यस अदालतमा पुनरावेदन दर्ता गर्दा मिति २०७५।४।९ मा रसिद नम्वर २३२ बाट राखेको धरौट रु. १०,०००। —कानूनका म्याद भित्र निजले फिर्ता माग्न आए विना शर्त फिर्ता दिनु भनी लेखा शाखामा जानकारी दिनु...........................................................................................................२
- यो फैसलाको छाँयाप्रति उच्च सरकारी वकिल कार्यालय पोखरालाई दिनू.........................३
- सरोकारवालालाई नियमानुसार नक्कल दिनू..............................................................४
- फैसलाको विद्युतीय प्रति कम्प्युटरमा अपलोड गर्नु..........................................................५
- मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू.......................................................६

**(डालकुमार खड्का)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(तेजबहादुर कार्की)**
**न्यायाधीश**

इजलास अधिकृतः- मोहन रायमाझी
कम्प्युटर गर्ने: केशव पौडेल
इति सम्वत् २०७६ साल जेष्ठ ६ गते रोज २ शुभम्..............................।